यहि मिति २०८२/१२/२७ गते कोष तथा लेखा नियन्त्रक कार्यालय त्रिपुरेश्वरले आफ्नो कार्यक्षेत्रभित्र पर्ने संघिय तथा स्थानीय तह अन्तर्गतका कार्यलयहरुमा कार्यरत लेखा समुहमा आवद्ध कर्मचारीहरुको नियमित बैठक, छलफल तथा अन्तरक्रिया गरी देहायका निर्णयहरु गरियो (सहभागी संख्या जम्मा ७२)

## निर्णयहरु

१ २०८२/०८/२९ गते सम्पन्न लेखा प्रमुखहरुसंग भएको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्था तथा समिक्षा गरियो | साथै महंगी भत्ता सम्बन्धी, निकासा र हिसाव भिडान सम्वन्धी, भुक्तानी आदेश सम्वन्धी तथा राजस्व र पाम्स सम्वन्धी देखिएका समस्या र समाधानका विषयमा छलफल गरी अघिल्लो बैठकबाट भएका निर्णयहरु कार्यान्वयन गर्न बाँकीको तुरुन्त कार्यान्वयनमा जाने ।

२ आन्तरिक लेखा परीक्षणको लागि कोलेनिकाको आन्तरिक लेखापरीक्षण शाखासंग समन्वय गरी तोकिएको समय सीमा भित्र लेखापरीक्षण/प्रतिवेदन गर्ने गराउने यसको लागि सवैले आर्थिक प्रशासन सम्वन्धी श्रेस्ता तथा आवश्यक कागजातहरु सधै तयारी अवस्थामा राख्ने ।

३ महालेखा नियन्त्रक कार्यालयको प.स.२०८२/८३ च.नं.९७१ मिति २०८२/१२/२५ को पत्रबाट धरौटीको रकम सदरस्याहा गर्ने/गराउने सम्वन्धमा प्राप्त निर्देशन एव आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६८ बमोजिम नाम नामेसी नखुलेको धरौटी तथा अन्य कुनै प्रकारले सदरस्याहा गर्न पर्ने रकम भएमा सम्पूर्ण कानुनी प्रक्रिया पुरा गरी यथाशक्य छिटो उक्त रकमहरु सदरस्याह गरी राजस्व खातामा दाखिला गर्ने/गराउने ।

४ कर्मचारी सन्चयकोषमा आ.व.२०८०/०८१ भन्दा अगाडीका कट्टी दाखिला भई रकम जम्मा भएको तर कतिपय कर्मचारीको व्याक्तिगत सन्चयकोष नम्वर मा नदेखिएको सम्बन्धी कर्मचारी सन्चयकोष को मिति २०८२/१२/१६, च.न.१० को पत्र तथा म.ले.नि.का. को मिति २०८२/१२/२६ को पत्र अनुसार बाँकी फाँटवारी EPF Portal मा Office User बाट फाँटवारी र भौचर web upload गर्ने ।

५ KUKL को धारा जडान भएका कार्यालयहरुको काठमाण्डौ उपत्यकाको हकमा CGAS मा Utility payment बाट विल रकम भुक्तानी हुन सक्ने व्यवस्था भएकोले सो को कार्यान्वयन गर्ने गराउने ।

६ विनियोजन क -२.१ विविध क-२.६ र धरौटी क-२.३ मा रकम जम्मा गर्न वा पेश्की फिर्ता गर्दा सम्बन्धीत कार्यालयको आर्थिक प्रशासन शाखालाई समेत जानकारी हुने गरी पत्र पठाउने र को.ले.नि.का.को बैंकलाई सिफारिस पत्र सहित भौचर पेश भएमा पेश्की फिर्ता रकम जम्मा गर्ने ।

७ अर्थबजेट (औषधी उपचार, सन्चित विदा तथा उपदान) सेवा निवृत सेवा सुविधाको भुक्तानीका लागि अर्थबजेट माग गर्दा करको गणना र पट्टामा उल्लेखित विवरण सम्बन्धीत ऐन कानुन नियमावली अनुसार अर्थ बजेट माग गर्ने ।

८ कोष तथा लेखा नियन्त्रक कार्यालय त्रिपुरेश्वरका कोष नियन्त्रक श्री टेकनाथ रेग्मीको समन्वय र संयोजनमा १० सदस्यीय बनभोज तयारी तथा व्यवस्थापन समितिले व्यवस्थापन गरेको रमाइलो बनभोज कार्यक्रम मिति २०८२/०९/२७ गते काठमाडौस्थित स्वीटजरलैण्ड पार्क, नागार्जुनमा उल्लेख्य सहभागीताका साथ सम्पन्न भयो उक्त बनभोज कार्यक्रमलाई भब्य, सभ्य बनाई सहभागी तथा निमन्त्रणा गरिएका पाहुनाहरुलाई मनोरन्जन र सन्तुष्ट प्रदान गर्न सकेकोमा यस कोष तथा लेखा नियन्त्रक कार्यालय परिवार तथा सहभागीहरुको तर्फबाट व्यवस्थापन समितिका सयोजक र सदस्यहरुलाई धन्यबाद ज्ञापन गर्ने ।